# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
## गोलबजार, सिरहा
## मधेश प्रदेश, नेपाल

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा मधेश प्रदेश, नेपाल

(वेब साइटमा प्रकाशित)

**पशु हाटबजार ठेक्का सम्बन्धी सूचना**

(चौथो पटक प्रकाशित मिति २०८०/०४/०४)

पशु हाट बजारको सेवा शुल्क ठेक्काको बोलपत्र आह्वान सम्वन्धी सूचना।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा भएको वित्तीय अधिकारक्षेत्र भित्र पर्ने पशु बजारको सेवा शुल्क आय शीर्षकमा आ.व. २०८०/०८१ को लागी अग्रीम एकमुष्ट रकम वुझाउने गरि वा किस्ता वन्दीमा ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुका अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रीतपूर्वकको सिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :-**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) औं दिनसम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखा वाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। साथै बोलपत्र फाराम खरिद गर्दा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ।

२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्बन्धीत व्यक्तिले पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर ठेक्काको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ८ (आठ) औं दिन दिनको १२:०० बजेसम्म खाम यस कार्यालयबाट खरिद गरिएको सिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा नगरपालिकाको कार्यालयमा खोलिने छ। उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा रितपूर्वकको बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

४. सिलबन्दी बोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा रहेको ग्लोलब आई.एम.ई बैंक शाखा कार्यालय, गोलबजार, सिरहा स्थित (५५०४०१००००१६) धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नु पर्नेछ। धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन।

५. बोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

६. ठेक्का अवधि आ.व.२०८०।०८१ को २०८१ आसार मसान्त सम्म हुनेछ।

७. बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्रलाई बदर गरिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्का सम्वन्धि कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारवाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा नगरपालिकाले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ।

९. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा बुझाए, वापत कार्यालयवाट कबोल अंकको १० (दश) प्रतिशत छुट दिइनेछ वा किस्तावन्दी गरेमा तिन किस्ता हुनेछ। पहिलो किस्ता (कबोल अंकको ४०%) रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्ने छ, दोस्रो किस्ताको (कबोल अंकको ३०%) रकम मंसिरको मसान्तसम्मा र तेस्रो किस्ता (कबोल अंकको ३०%) रकम चैत्रको मसान्तसम्म बझाउनु पर्नेछ। पहिलो किस्ता बाहेको रकम वापत यस कार्यालयको नाममा २०८१ साल असोज महिनामसान्त सम्मको बैंक ग्यारेण्टी (कार्य सम्पादन जमानत) वा जमानत धितो पेश गरि पट्टा उठाउनु पर्नेछ।

११.यसमा उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारित हुनेछन्।

१२.स्वीकृत ठेक्का अङ्कमा नियमानुसार लाग्ने कर सम्बन्धीत फर्म/व्यक्तीले बुझाउनेछ। बोलपत्र सम्वन्धी केही कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

१३.पशु बजार, वाख्रा बजार र गुदरी बजारवाट उठाउने सेवा शुल्क(बट्टी) बारे यस नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भए अनुसार हुनेछ र थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ। यस कार्यालयले आर्थिक ऐनमा तोकि दिएको भन्दा वढी सेवा शुल्क (बट्टी) लिन पाइने छैन। साथै, नगरपालिकालाई नगदी जिन्सी तिर्न बुझाउनु बाँकी रहेको व्यक्ती/संसथाले निवेदन खरिद गर्न पाउने छैन र खरिद गरेको भए पनि ठेक्का स्वीकृत हुने छैन।

**आ.व. ०८०।०८१ को हाट बजार ठेक्काको न्यूनतम रकम विवरण**

| ठेक्काको नं. | बजारको नाम | न्यूनतम ठेक्का रकम वार्षिक ०८०।०८१ | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| ५/२०७९।०८० | पशु बजार | ३५,०५,१५१।- | ३०००।- |

२०८०।०४।०८

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

गोलबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
गोलबजार, सिरहा।